# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७८/०७९
च.न. :

विषय :- वहाल बिटौरी शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि १५ दिने सूचना।
दोश्रो पटक प्रकाशित मिति: २०७९/०३/१९

यस उपमहानगरपालिकाका वजार क्षेत्रको मेन रोड बाहेक अन्य शाखा रोडहरू छेउछाउ र तोकिएको स्थानमा बसी अस्थाई रूपमा खोका, ठेला, घुम्ती अथवा भुईमा फड राखि व्यापारिक परिमाणमा मालसामान वेचविखन गर्ने, व्यापारीहरूबाट बहाल बिटौरी शुल्क लगाउन स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५९ वमोजिम सिलबन्दि दरभाउ पत्र आव्हानको लागि सूचना प्रकाशित गर्ने निर्णय भएको हुंदा वहाल विटौरी शुल्क संकलन गर्न आगामी आ.व. ०७९/०८० का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो १५ दिने सिलबन्दी आहवानको सूचना प्रकाशित गरिएको छ।

तपसिलका शर्तहरू

१. न्यूनतम ठेक्का अंक रू. १२,२५,९००/- (बाह्र लाख पच्चीस हजार नौ सय मात्र) मु.अ.कर बाहेक कायम गरिएको छ।
२. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले २०८० साल अषाढ मसान्तसम्म कायम रहने छ।
३. वहाल विटौरी संकलन गर्न तोकिएको स्थानको सडकको छेउछाउमा र अस्थाई हाट बजार जस्ता स्थानमा बसी अस्थाई रूपमा कारोबार गर्ने व्यापारीहरूबाट मात्र कर संकलन गर्न पाईने छ, तर कृषि उपज हाटबजार संचालन समितिद्धारा संचालित हाटबजार र सार्वजनिक निजी साझेदारी अन्तर्गत संचालित बजार बाट भने लिन पाईने छैन। तर उक्त बजारहरुको विधानमा तोकिएको सामान वाहेकका व्यवसायी उक्त स्थानमा गएर व्यवसाय गरेको भेटिएमा दोब्बर दरमा शुल्क उठाउनु पर्ने छ।
४. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।
५. नगरपालिकामा व्यवसाय कर तिरेको व्यक्तिहरूबाट कर संकलन गर्न पाईने छैन।
६. दरभाउ पत्रमा मिति २०७९/०४/०१ गते सम्म कार्यालय समयभित्र राजश्व शाखाबाट वा यस कार्यालयको रा.बा.बैकको आन्तरीक राजश्व खाता न. ४१७००३०१०१०००२ मा रु. १,०००/- (पछि फिर्ता नहुने गरी) जम्मा गरी खरीद गर्न सकिने छ।
७. दरभाउ पत्र मिति २०७९/०४/०२ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ। बोलपत्र मिति २०७९/०४/०२ गते दिनको १:०० बजे खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।
८. दरभाउ पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ।
९. दरभाउ पत्र दर्ता गर्नेले आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न. ४१७००३०३००००२ मा नगद जम्मा वा सो रकम बराबरको ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ। बोलपत्र समाबेश गर्नका लागि कार्यालयमा हार्ड कपि वा अनलाईन www.bolpatra.gov.np/egp बाट समेत दर्ता गर्न सकिनेछ।
१०. दरभाउ पत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट बैंकबाट स्वीकत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधि सम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।
११. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी दुई किस्ताको रकम चार/चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ।
१२. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। यस कार्यालयबाट प्रमाणित नगरी विक्री भएको म्याद नाघी आएको वोलपत्र माथी कनै कारवाही हने छैन।
१३. जुनसुकै अवस्थामा बजार वन्द हुनगएमा वा व्यापारिक संख्या घट्न गएमा सो अवधिको ठेक्का अंक मा छुट को लागि हक दावि गर्न पाईने छैन।
१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।
१५. यस सूचनामा उल्लेख हुन छुट भएका विषय प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

कार्यालय : ०९१-५२११२९ , प्र.प्र. अधिकृत : ५२०४२९ अ., ५२१४२९ नि., दमकल : १०१, फयाक्स : ५२११२९, प्र.शा. : ५२०७२१